म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१७ अङ्कः- ११० २०८२ फागुन २९ गते शुक्रबार 13 March 2026, Friday - पृष्ठ ४ मूल्य रु. ५/-

## लागूऔषध खैरो हिरोईनसहित एकजना पक्राउ

हेटौंडा : लागूऔषध खैरो हिरोईनसहित एक जना पक्राउ परेका छन् । बिहीबार हेटौंडा-१६, घ्याम्पेडाँडा बस्ने ३८ वर्षीय हरि रानालाई लागूऔषध खैरो हेरोईनसहित पक्राउ गरिएको जिल्ला प्रशासन कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

अस्थायी प्रहरी पोष्ट हटियाबाट खटिएको मोटरसाइकल गस्ती टोलीले सुरक्षाजाँच गर्दा रानाको साथबाट ३ पुरिया लाागुऔषध खैरो हिरोईन फेला परेको थियो । रानाको साथबाट १ ग्राम ६५० मिलिग्राम लागूऔषध खैरो हेरोईन फेला परेको प्रहरीले जनाएको छ । प्रहरीले निजलाई नियन्त्रणमा लिएको छ ।

### हेटौंडा अस्पतालको नवनिर्मित भवनको उद्घाटन

# हेटौंडा अस्पतालमा २०० सैय्या थप हुने



*नवनिर्मित भवनको उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री बानियाँ ।*

**समाज संवाददाता**

हेटौंडा : मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमातहतको हेटौंडा अस्पतालको नवनिर्मित भवनको उद्घाटन गरिएको छ । बिहिबार बागमती प्रदेशका मुख्यमन्त्री इन्द्र बहादुर बानियाँले भवनको उद्घाटन गर्नुभएको हो । हेटौंडा अस्पतालमा २ सय सैय्या थप गर्ने गरी तयार पारिएको ५ तले भवन उद्घाटन कार्यक्रममा बागमती प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटाले प्रदेशका स्वास्थ्यमन्त्री किरण थापा मार्फत औपचारिक रुपले प्रतिष्ठानलाई भवन हस्तान्तरण गर्नुभएको थियो ।

भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको शहरी विकास तथा भवन कार्यालयको मातहतमा निर्माण सम्पन्न भएको कुल ६ हजार ८ सय ९३ वर्गमिटर क्षेत्रफलमा बनेको सो ५ तले भवन तीन भागमा बाँडिएको छ । संघीय सरकारको २८ करोड ५४ लाख रुपैयाँमा उक्त भवन निर्माण सम्झौता गरिएको थियो । २०७८ असार १८ गते शहरी विकास तथा भवन कार्यालय मार्फत निर्माण कम्पनी बिकेओआइ/नवसिर्जनशील जेभीसँग २ वर्ष भित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएको थियो । सम्झौता अवधिमा निर्माण कार्य पूरा नभएपछि २०८० मा दुइ वर्ष म्याद थप गरिएको थियो । गत पुसमा निर्माण सम्पन्न भएको थियो । १ सय ५० वटा कोठा भएको नवनिर्मित भवनमा २ सय शैय्या थप गरिनेछ ।

नवनिर्मित भवनमा प्रतिष्ठानको कार्यालय तथा शैक्षिक कार्यक्रमका लागि प्रयोग भइरहेको छ । प्रतिष्ठानको शैक्षिक भवन निर्माण पूरा भएर विकल्प प्राप्त भइसकेपछि यि भवनमा हेटौंडा अस्पतालका उपचार सेवाहरु विस्तारलाई प्राथमिकता दिने जनाइएको छ । कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादर बानियाँसहित भौतिक पूर्वाधार विकास मन्त्री डा. दिनेशचन्द्र देवकोटा, स्वास्थ्यमन्त्री किरण थापा, स्वास्थ्य मन्त्रालयका सचिव सुमित्रा गौतम, बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेललगायत प्रतिष्ठानका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# निर्वाचन प्रहरीको उल्लासका साथ बिदाइ



**समाज संवाददाता**

हेटौंडा : प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ मा खटिएका निर्वाचन प्रहरीहरुलाई बिदाइ गरिएको छ । बिहिबार हेटौंडा-४, हुप्रचौरमा आयोजित कार्यक्रम मार्फत प्रमाणपत्र प्रदान गर्दै निर्वाचन प्रहरीहरुलाई बिदाइ गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले निर्वाचनलाई भयरहित र सौहार्द्धपूर्ण वातावरणमा सम्पन्न गर्न महत्वपूर्ण भूमिका खेलेको भन्दै निर्वाचन प्रहरीहरुलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । उहाँले बिदाइ हुँदै गरेका निर्वाचन प्रहरीहरुले निर्वाचन अवधिमा सिकेको अनुशासन कायम राख्दै मष्तिष्कमा समझदारी, हृदयमा इमान्दारी, काममा जिम्मेवारी राख्दै समाजमा जिम्मेवार नागरिक भएर रहन अनुरोध गर्नुभयो । उहाँले निर्वाचन प्रहरीहरुलाई भविष्यमा समेत राज्यले सञ्चालन गर्ने शान्ति सुरक्षाका कार्यक्रमहरुमा प्राथमिकतामा राखिने बताउनुभयो ।

आफ्ना जिम्मेवारी पूरा गरेपछि निर्वाचन प्रहरीहरु कार्यक्रममा नाचगान र रमाइलो गर्दै बिदा भए । यस्तै बिदाइ कार्यक्रमको अवसरमा निर्वाचन कार्यक्रमका लागि जिल्लाभर रहेका मतदान केन्द्रमा खटिएका १ हजार ९ सय २२ जना निर्वाचन प्रहरीहरुलाई प्रमाणपत्र प्रदान गरिएको छ । एक जना निर्वाचन प्रहरीको भने दुर्घटनामा परी मृत्यु भएको थियो । गत माघ १८ गते ४० दिनका लागि नियुक्त गरिएका निर्वाचन प्रहरीहरुलाई ९ दिनको तालिम समेत प्रदान गरिएको थियो ।

निर्वाचन प्रहरीलाई निर्वाचन तयारीका क्रममा, निर्वाचन प्रक्रिया र मतगणना पश्चात समेत गरी ४० दिनसम्म जिल्लाका शान्तिसुरक्षामा खटाइएको थियो । उनीहरुलाई निर्वाचन कार्यक्रमका लागि हेटौंडा, पालुङ, मनहरी, मकवानपुरगढी, ठिँगन र फापरबारी गरी ६ स्थानबाट परिचालन गरिएको थियो । बिदाइ कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरिक्षक श्याम बहादुर खत्री, प्रहरी नायव उपरीक्षक पुष्कर बोगटी, पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारु मगर लगायतको उपस्थिति रहेको थियो ।

# मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको शैक्षिक भवनको निर्माण कार्य सुरु



*शैक्षिक भवनको शिलान्यास गरिँदै ।*

**समाज संवाददाता**

हेटौंडा : मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका शैक्षिक कार्यक्रमलाई सञ्चालन गर्ने उद्देश्यले हेटौंडामा प्रिफ्याब भवन निर्माणको काम औपचारिक रूपमा सुरु गरिएको छ । भवनको बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँ र प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले संयुक्त रुपमा शिलान्यास गर्नुभएको हो ।

प्रतिष्ठानमा सञ्चालित विभिन्न कोर्षहरु तथा यसै शैक्षिक सत्रबाट सञ्चालित एमबिबिएस कार्यक्रमलाई एकै ठाँउमा व्यवस्थित र स्थायी संरचनाबाट सञ्चालन गर्ने उद्देश्यले प्रिफ्याब भवनको निर्माण गर्न लागिएको प्रतिष्ठानले जनाएको छ । हेटौंडा-१०, टिसिएन क्षेत्रमा निर्माण हुन लागेको भवनको ठेक्का सम्झौता सम्पन्न भएपछि बिहीबारदेखि निर्माण कार्य अघि बढाइएको हो । प्रतिष्ठानको शैक्षिक गतिविधि सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार तयार पार्ने उद्देश्यले निर्माण थालिएको यस भवनको कुल लागत ८ करोड ६१ लाख १७ हजार ९ सय १ रुपैयाँ रहेको प्रतिष्ठानका रजिष्ट्रार भीमसागर गुरागाइँले जानकारी दिनुभयो । उहाँका अनुसार आगामी असार मसान्तसम्म सम्पन्न गर्ने लक्ष्यसहित बिजी साबिरा चन्द्रायण जेभी काठमाडौँसँग सम्झौता गरिएको छ ।

कार्यक्रममा मुख्यमन्त्री बानियाँले प्रतिष्ठानका शैक्षिक कार्यक्रमहरुलाई एउटै स्थानबाट व्यवस्थित ढंगले सञ्चालन गर्न सहज बनाउने उद्देश्यले नयाँ भवन निर्माण गर्न लागिएको बताउदै तोकिएकै समयमा काम सक्न निर्माण कम्पनीलाई आग्रह गर्नुभयो । मुख्यमन्त्री बानियाँले निर्माण कार्यका लागि आवश्यक सामग्रीहरुको मौज्दात राख्न पनि निर्देशन दिनुभयो । कुनै पनि बहानामा निर्माण कार्यमा ढिलासुस्ती हुन नहुनेमा उहाँले निर्माण कम्पनीलाई सचेत गराउनुभयो । नयाँ प्रिफ्याब भवन निर्माण भएसँगै प्रतिष्ठानका शैक्षिक कार्यक्रमहरू आफ्नै पूर्वाधारबाट सञ्चालन गर्न सकिने रजिष्ट्रार गुरागाईले बताउनुभयो । कार्यक्रममा निर्माण कम्पनी चन्द्रायण जेभीका प्रोपाइटर राजकुमार अधिकारीले तोकिएको समयभित्र भवनको निर्माण सम्पन्न गरिसक्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

निर्माण हुने प्रिफ्याब भवन आधुनिक संरचनासहित तयार पारिने योजना रहेको छ । भवनमा कक्षाकोठा, प्रशासनिक कक्ष, प्रयोगशाला लगायतका आवश्यक पूर्वाधार समावेश गरिने जनाइएको छ । प्राविधिक रुपमा तयार पारिने यस संरचनाले स्वास्थ्य शिक्षासँग सम्बन्धित विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गर्न सहज वातावरण उपलब्ध गराउने अपेक्षा गरिएको छ । हाल प्रतिष्ठानले आफ्ना शैक्षिक कार्यक्रम सञ्चालन गर्न भाडामा लिइएका घर तथा कोठाहरु प्रयोग गर्नुपरेको अवस्था छ ।



# सम्पादकीय

## प्रदेश र स्थानीय सरकार सजग बन्नुपर्छ

प्रतिनिधिसभा सदस्य निर्वाचनको मत गणना सम्पन्न भएर अन्तिम परिणाम सार्वजनिक भइसकेको छ । निर्वाचनको अन्तिम मतपरिणामअनुसार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले झण्डै दुईतिहाइ सिट जितेको छ । प्रत्यक्षतर्फ एक सय २५ र समानुपातिकतर्फ ५७ गरी एक सय ८२ सिट रास्वपाले जितेको छ । नेपाली कांग्रेसले प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० गरी ३८ सिट प्राप्त गर्दा नेकपा एमालले प्रत्यक्षतर्फ ९ र समानुपातिकमा १६ गरी २५ सिट हात पारेको छ । नेपाली कम्युनिष्ट पार्टीले प्रत्यक्षमा ८ र समानुपातिकमा ९ गरी १७ सिट जित्दा नयाँ दल श्रम संस्कृतिले प्रत्यक्षमा ३ र समानुपातिक ४ गरी ७ सिट हासिल गरेको छ । एक सिट प्रत्यक्षमा जितेको राप्रपाले समानुपातिकबाट ४ सिट पाएपछि ५ सिट बनाएको छ । यस पटकको निर्वाचन परिणामले पुराना दलहरुले विगतको तुलनामा निकै कम मत पाएका छन् । नयाँ दल र नयाँ अनुहारप्रति मतदाताको आकर्षण देखिँदा यसको प्रभाव २०८४ मा हुने स्थानीय तह र प्रदेशको निर्वाचनमा पनि पर्ने सम्भावना देखिएको छ ।

२०७९ सालको निर्वाचनमा मकवानपुरका बकैया, मकवानपुरगढी, कैलाश, राक्सिराङ र मनहरी गाउँपालिकामा नेपाली कांग्रेसले अध्यक्ष जितेको थियो । हेटौँडा उपमहानगरपालिका, थाहा नगरपालिका र बागमती गाउँपालिकामा नेकपा एवम् भीमफेदी र इन्द्रसरोवर गाउँपालिकामा नेकपा एमालेको प्रमुख तथा अध्यक्ष छन् । बकैया, मकवानपुरगढी, मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकाको उपप्रमुखमा नेकपाका छन् । हेटौँडा उपमहानगर, थाहा नगर, बागमती गाउँपालिका र भीमफेदी गाउँपालिकामा नेपाली काँग्रेसले उपप्रमुख जितेको छ । इन्द्रसरोवर गाउँपालिकामा एमालेका उपप्रमुख छन् । यस अघिको निर्वाचनबाट जिल्लाका सबै पालिका र सबैजसो वडामा कांग्रेस, एमाले र नेकपाकै प्रतिनिधि विजयी भएका छन् ।


अहिलेको निर्वाचनमा एक सय ८२ सिट जितेको रास्वपा यस अघिको स्थानीय तह निर्वाचनको समयमा स्थापना भएकै थिएन । प्रदेश तहको संरचनाको विरोध गरेर उम्मेदवारै नउठाएको रास्वपाले प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिक गरी २१ सिट जितेको थियो । विगतमा चौथो स्थानमा रहेको रास्वपाले यस पटक झण्डै ५२ लाख समानुपातिक मतसहित दुईतिहाइ नजिक सिट जितेपछि सर्वत्र चर्चा र चासो बढाएको छ । यस पटकको निर्वाचनमा अधिकांश मतदाताले मत परिवर्तन गरेका छन् । सामान्य मतदातामात्र नभई पुराना पार्टीका कतिपय कार्यकर्ता तथा समर्थकहरुसमेतले यस पटक रास्वपालाई मत दिएको मत परिणामले पुष्टि गरेको छ । पुराना दल र नेतृत्वप्रति जनताको विश्वास कम भएको अहिलेको मत परिणामले देखाएको छ । अहिलेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा धेरैजसो मतदाताले रास्वपा, श्रम संस्कृति, उज्यालो नेपालजस्ता नयाँ दलको पक्षमा मत जाहेर गरेजस्तै प्रदेश र स्थानीय तहको आगामी निर्वाचनमा पनि नहोला भन्न सकिन्न ।

स्थानीय तथा प्रदेशका वर्तमान जनप्रतिनिधि तथा सरकारको नेतृत्व गरेकाहरु जनताप्रति जिम्मेवार जवाफदेही नहुने हो भने अहिलेको निर्वाचनको प्रभाव त्यसबेला पनि पर्ने सम्भावना प्रबल देखिन्छ । जेनजी आन्दोलनपछि पुराना दलहरुप्रति आम नागरिकको बढ्दो निराशा अहिलेको निर्वाचन परिणामले उजागर गरेको छ । अहिलेको निर्वाचन परिणामको प्रभावबारे प्रदेश र स्थानीय सरकार सजग बन्नु आवश्यक छ । नागरिकको यस्तो निराशा र असन्तुष्टि प्रदेश र स्थानीय सरकारप्रति पनि रहेको सहजै अनुमान गर्न सकिन्छ । सुशासनलाई केन्द्रमा राखेर आम नागरिकलाई सहज सेवा, सुविधा प्रदान गर्नेतर्फ स्थानीय र प्रदेश सरकारले ध्यान नदिने हो भने अहिलेको निर्वाचनको जस्तै परिणाम बेहोर्न तयार हुनुको विकल्प देखिँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : भेटघाट र रामरमाइलोमा समय व्यतित होला । |
| **वृष** | : परीक्षा र प्रतियोगितामा सफल भइने समय छ । |
| **मिथुन** | : आन्तरिक उर्जाको स्रोतमा वृद्धि हुने समय छ । |
| **कर्कट** | : सुखको बारेमा चिन्तन बढ्ने समय योग छ । |
| **सिंह** | : घरायसी समस्या बढ्ने योग रहेको देखिन्छ । |
| **कन्या** | : आफन्तको काममा समय व्यतित हुने योग छ । |
| **तुला** | : निर्णय क्षमतामा कमी आउने समय योग छ । |
| **वृश्चिक** | : अवसर प्राप्तिका लागि दौडधूप हुने समय छ । |
| **धनु** | : मिहिनेतले पुरस्कार र प्रतिष्ठा हात लाग्ला । |
| **मकर** | : सामाजिक एवम् धार्मिक काममा सरिक भइने छ । |
| **कुम्भ** | : व्यक्तित्व र उज्ज्वल भविष्यको चाहना बढ्ने छ । |
| **मीन** | : सेवाग्राहीले विश्वास जित्न समय लाग्ने योग छ । |

# पुराना मूर्तिहरू फुट्दा निस्किएको घन्टीको आवाज



✍ शोभिता सिंखडा

पुराना शक्ति-देवताहरू ढल्दैछन्, नयाँ मूर्तिहरूको प्राणप्रतिष्ठा अझै बाँकी छ । हामी त्यही ऐतिहासिक मोडमा उभिएका छौं, जहाँ नेपालमा केवल निर्वाचनको अंकगणित वा अनुहारहरूको फेरबदल मात्र होइन, समाजको मनोवैज्ञानिक क्रान्ति भइरहेको छ ।

बाहिरबाट हेर्दा परिवर्तन सामान्य लाग्न सक्छ, तर अलि गहिरो दृष्टिले हेर्ने हो भने, यो दशकौंदेखि हराएको आफ्नो अस्तित्व खोज्दै आएको जनता, आफ्नो भय र अन्धभक्तिको भित्तो भत्काउँदै नयाँ चेतनाको बाटोमा पाइला चालिरहेको क्षण हो ।

वर्षौंदेखि नेपाली मतदाता एउटा अनौठो 'स्टकहोम सिन्ड्रोम' मा थिए, जसले दुःख दियो; जसले सपना बेच्यो र जसले पटक-पटक धोका दियो, उसैलाई प्रेम र मतदान गर्नुपर्ने मनोवैज्ञानिक विवशता ।

तर यसपटक, नेपाली मनोविज्ञानले त्यो साङ्लो चुँडालेको छ । यो 'पीडक' सँगको भावनात्मक सम्बन्ध तोडेर आफ्नो स्वत्व खोज्ने एउटा आध्यात्मिक विद्रोह हो । मतपत्रमा केवल छाप मात्र होइन, जनता आफ्नो भय विसर्जन गरी अभय प्राप्त गरिरहेका छन् ।

अध्यात्ममा मानिन्छ कि परमात्माले जब पुरानो संरचना भत्काउनुहुन्छ, उहाँले कुनै बाहिरी हतियार चलाउनुहुन्न, मानिसको 'अहङ्कार' नै उसको 'पतन' को कारण बन्छ । नेपाली समाजले दशकौंसम्म केही नेताहरूलाई 'मुक्तिदाता' को रूपमा पुज्यो, तर जब ती 'भगवान'हरूले भक्तको भरोसाको व्यापार गर्न थाले, तब ती मूर्तिहरू फुट्नु अनिवार्य भयो । अहिलेको उथलपुथल केवल सत्ताको प्रतिस्थापन होइन; यो नेपाली मानसपटलमा रहेका पुराना मूर्तिहरू फुट्दा निस्किएको आवाज हो । यो कुनै पार्टीको हार मात्र होइन ! यो नेपाली जनताको अन्धभक्तिको अन्त्य हो ।

मन्दिरमा घन्टी किन बजाइन्छ ? ताकि हाम्रो मनको भटकन रोकियोस् र हामी वर्तमानमा फर्कौं । यदि हामी राष्ट्रको ऊर्जालाई शरीरका सात चक्रहरुसँग तुलना गर्ने हो भने, नेपाल अहिले 'मूलाधार' देखि 'विशुद्धि' चक्रमा सर्दैछ । वर्षौंसम्म हामी केवल 'गाँस, वास, कपास' को डरमा बाँच्यौं । तर अहिलेको यो नाद वास्तवमा मानिसहरूको कण्ठ र चेतना खुलेको संकेत हो । जस्तै घन्टीले वायुमण्डलका कीटाणु मारे झैं, यसले राजनीतिमा वर्षौं जमेको भय र भ्रमको प्रदूषण सफा गरिरहेको छ ।

अध्यात्मको कसीमा हेर्ने हो भने, जब लाखौं मानिसको हृदयबाट एउटै खालको तड्पन र पुकार निस्कन्छ, त्यो एउटा शक्तिशाली 'सामूहिक प्रार्थना' बन्न पुग्छ। यो त जब एउटा सिंगो समाजले आफ्नो अस्तित्व र न्यायका लागि भित्री मनदेखि 'अब अति भयो' भन्दै ब्रह्माण्डसँग गुहार माग्छ, तब सिर्जना हुने महा-ऊर्जा हो ।

विगतका वर्षमा नेपालीले देशको अवस्था देखेर जुन 'गाली' गरिरहेका थिए, त्यो वास्तवमा उनीहरूको हृदयको 'आर्तनाद' थियो । परदेशको तातो मरुभूमिमा पसिना बगाउँदै गर्दा होस् वा आफ्नै माटोमा भविष्य नदेखेर छट्पटाउँदा, नेपालीका आँखाबाट झरेका ती आँसु नै आजको यो 'लहर' को वास्तविक इन्धन हुन् । यो परिवर्तन हजारौं नेपालीको त्यही मौन तर निष्कपट सामूहिक प्रार्थनाको ईश्वरीय सुनुवाइ हो ।

धेरैलाई लाग्छ, नयाँ आउनेहरू 'शून्य' छन् । तर बिर्सनुहुँदैन, शून्य नै सबै सृष्टिको महा-जननी हो, जहाँबाट अस्तित्वको आरम्भ हुन्छ । पुरानाहरूको भनिएको 'अनुभव' वास्तवमा अहङ्कार, भ्रष्टाचार र कुटिलताको एउटा यस्तो बाक्लो लेपन थियो, जसले नयाँपनलाई छिर्नै मुस्किल बनायो । त्यो पहिल्यै भरिएको र फोहोर भइसकेको भाँडोमा नयाँ विचारको अमृत अटाउने कुनै ठाउँ नै बाँकी थिएन ।

त्यसैले, आजको समयमा 'शून्य' हुनु नै सबैभन्दा ठूलो योग्यता र सम्भावना बनेको छ । नेपाल अहिले त्यही 'शून्यता' को ऐतिहासिक सन्धिमा उभिएको छ, जहाँ हिजोको भ्रम टुटेको छ र भोलिको स्पष्ट चित्र कोरिन बाँकी छ । अब हामीलाई चाणक्यको कुटिलता होइन, बुद्धको सरलता र करुणाको आवश्यकता छ ।

शक्ति आफैंमा भ्रष्ट हुँदैन, यसले त केवल मानिसभित्र लुकेर बसेको असली चरित्रलाई सतहमा ल्याइदिने ऐनाको काम मात्र गर्छ । नयाँ बन्ने सरकारका लागि यो क्षण केवल सत्ताको आरोहण होइन, एउटा कठोर 'अग्निपरीक्षा' हो । नयाँ नेतृत्वले यो बुझ्न जरूरी छ कि उनीहरूलाई प्राप्त यो जनमत कुनै 'पुरस्कार' होइन, यो त जनताले आफ्नो चरम निराशा र झिनो आशाको बीचमा गरेको एउटा 'अन्तिम सम्झौता' हो ।

यदि नयाँ शक्तिमा पनि 'मैले जितें' भन्ने अहङ्कार पलायो भने, उनीहरूको पतन अझै तीव्र र दर्दनाक हुनेछ। आजको सचेत नागरिकले 'स्मार्ट' भाषण होइन, 'सात्विक' कर्म र नतिजा खोजेका छन् । यो जनमत केवल समर्थन मात्र होइन, यो त एउटा ठूलो ऋण हो, जुन 'डेलिभरी' मार्फत चुक्ता गर्नैपर्छ ।

आजको यो परिवर्तनमा देखिएका नयाँ अनुहारहरू त केवल 'साधन' मात्र हुन्, अन्तिम 'साध्य' होइनन् । वास्तविक साध्य त हाम्रो आफ्नै 'सचेत नागरिक हुनु' को बोध हो । यदि हामीले पात्र मात्र फेर्‍यौं र आफ्नो प्रवृत्ति फेरेनौं भने, केही समयपछि फेरि अर्को नयाँ 'नारा' खोज्नुपर्ने नियति दोहोरिनेछ । प्रशंसाले अहंकार जन्माउँछ र अहंकारले अन्धकार । त्यसैले, यो समय 'व्यक्ति' को पूजा गर्ने समय होइन, बरु उसले बोकेको 'विधि र विचार' लाई निरन्तर कसीमा घोट्ने समय हो । हाम्रो मुक्ति कुनै बाहिरी नायकमा होइन, हाम्रै निरन्तरको विवेक र प्रश्न सोध्ने साहसभित्र सुरक्षित छ ।

अहिले नेपालको हावामा केवल राजनीतिक फेरबदल मात्र होइन, एउटा गहिरो 'रूपान्तरण' को सुगन्ध छ । यो ऐतिहासिक समयलाई अङ्कगणितमा मात्र सीमित नगरौं । यो त नेपालको 'आत्मा' ले आफ्नो पुरानो र जीर्ण वस्त्र त्यागेर नयाँ शरीर खोज्दै गरेको एउटा दिव्य क्षण हो । यो परिवर्तनको ध्वनि कसैको विजयको उन्मत्त शंखनाद मात्र होइन, यो त हामी प्रत्येक नेपालीभित्र दशकौंदेखि सुतिरहेको 'स्वाभिमान' ब्युँझिएको प्रमाण हो । वास्तविक संगीत अब नेपालीको धड्कनमा बज्न शुरु भएको छ । नेपालको यो नयाँ युगको यात्रा केवल आवेगमा होइन, विवेकमा आधारित रहोस्; यो यात्रा सुखद् र सदैव सचेत रहोस् ।

जय होस्, चेतनाको जय होस् !

*(स्रोत: अनलाईनखबर)*

# के एउटा फिल्मले राज्यको सामाजिक संरचना बिगार्न सक्छ ?

भारतको दक्षिणी राज्य केरलामा हिन्दु महिलालाई धर्म परिवर्तन गराएर इस्लामिक स्टेट समूहमा सामेल गराइएको कथा बोकेको 'द केरला स्टोरी' रिलिजपूर्व नै विवादमा परेको फिल्म हो । विवादबीच सन् २०२३ मा रिलिज भएको यस फिल्मका कारण साम्प्रदायिक झडप हुँदा भारतको महाराष्ट्र राज्यमा सयौं घाइते भए भने एक जनाको ज्यान गयो ।

त्यहाँ विपक्षी दलका नेताहरूले फिल्मलाई प्रपोगाण्डा भन्दै आलोचना गरेका थिए भने निर्माताले वर्षौंको अनुसन्धान र सत्य घटनामा आधारित रहेर फिल्म बताएका थिए ।

अहिले सोही फिल्मको नयाँ सिक्वेल 'द केरला स्टोरी २: गोज बियोन्ड' प्रदर्शनमा आएको छ । तर यो पनि विवादरहित बन्न सकेन । केरला उच्च अदालतले प्रदर्शनको अनुमति दिए पछि मात्र गत शुक्रबारदेखि यो फिल्म भारतीय हलमा लागेको छ ।

जानकारहरूका अनुसार कानुनी लडाइँपछि हलमा आउँदा यसले आगामी चुनावमा भारतीय जनता पार्टी (भाजपा) लाई सिधै ठूलो फाइदा नपुर्‍याए पनि समाजमा भने फाटो ल्याउन सक्छ। यसले भविष्यमा केरलाको राजनीति र समाजमा गहिरो असर पार्ने अनुमान गरिएको छ ।

फिल्मको नाममा 'केरला' शब्द राख्ने विषयमा नै अदालतमा ठूलो विवाद भएको थियो । केरला उच्च अदालतको इजलासले २४ घण्टाभित्रै दोस्रो पटक सुनुवाइ गर्दै पहिलेको रोक हटाएर फिल्म देखाउने बाटो खोलिदिएको थियो ।



यो फिल्म र यससँग जोडिएका कानुनी झमेलाले गर्दा अहिले समाजमा विभिन्न समुदायबीचको सम्बन्धलाई लिएर नयाँ बहस सुरु भएको छ । भारतका केही राजनीतिक विश्लेषकहरू फिल्मको मुख्य उद्देश्य भनेकै विभिन्न समुदायबीचको पुरानो सम्बन्धलाई तोड्नु र हिन्दुत्वको राजनीतिलाई बलियो बनाउनु रहेको टिप्पणी गर्छन् । त्यस्तै यो फिल्ममा देखाइएका कुनै पनि कुराहरू तथ्यमा आधारित नभएको बताउँछन् ।

### केरलाको कथामा कति सत्यता छ ?

अघिल्लो भागमा जस्तै यसमा पनि मुस्लिम पुरुषहरूले हिन्दु वा इसाई महिलाहरूलाई प्रेमजालमा पारेर धर्म परिवर्तन गर्न बाध्य पार्छन् भन्ने देखाइएको छ । फिल्मको ट्रेलर सार्वजनिक भएपछि यस्तै दाबीका कारण अदालतमा उजुरी परेको थियो ।

तर, सरकारी तथ्याङ्कले भने अर्कै कुरा देखाउँछ। सन् २०२० र २०२४ का रिपोर्टहरूले फिल्मको दाबीलाई झुटो साबित गर्छन्। २०२० को तथ्याङ्कमा त्यस वर्ष अन्य धर्मबाट हिन्दु धर्ममा आउनेहरूको संख्या सबैभन्दा धेरै थियो । कुल ५०६ जनाले धर्म परिवर्तन गर्दा २४१ जना इसाई वा इस्लामबाट हिन्दु बनेका थिए ।

त्यस्तै २०२४ मा ३६५ जना हिन्दु बनेका थिए, जसमा धेरैजसो दलित इसाई र मुसलमान थिए । उनीहरूलाई राज्यको विशेष सुविधा पाउने लोभ देखाइएको थियो । तथ्याङ्क अनुसार हिन्दुबाट मुस्लिम बन्नेहरूको संख्या २७६ थियो भने इसाईबाट हिन्दु बन्नेहरूको संख्या १८० महिला र १४९ पुरुष थियो ।

यसले धर्म परिवर्तन कुनै एउटा दिशामा मात्र गइरहेको छैन भन्ने देखाउँछ ।

### राजनीतिक असर के होला ?

केही व्यक्तिहरू प्रेम विवाह गरेर विदेशका लडाकु समूहमा सामेल भएका घटनाहरू सत्य भए पनि त्यसलाई पूरै केरलाको कथा भनेर भन्न नमिल्ने राजनीतिक विश्लेषकहरू बताउँछन्। यही कुरालाई लिएर राजनीतिकरण गर्न र केरलामा घृणा फैलाउन नमिल्ने उनीहरूको तर्क छ ।

यसरी फिल्मको कथाभन्दा समाज ध्रुवीकरणमा जाने सम्भावना हुन्छ । तर यसले कतै न कतै भाजपालाई सहयोग पुग्ने उनीहरूको विश्लेषण छ ।

### राजनीतिक दलहरूको भनाइ

केरलाका मुख्यमन्त्री पिनराई विजयनले समेत यो फिल्म समाजमा साम्प्रदायिक सद्भाव बिगार्ने उद्देश्यले बनाइएको बताएका छन् । उनकै लयमा कांग्रेस नेता वीडी सतीशनले पनि फिल्मलाई 'समाज बाँड्ने र बीजेपीको लगानीमा बनेको गलत प्रचार' भनेका छन् ।

अर्कोतर्फ बीजेपी नेता राजीव चन्द्रशेखरले भने यसमा आफ्नो खासै चासो नरहेको र जोकसैलाई पनि फिल्म बनाउने अधिकार भएको बताएका छन् । साथै उनले अदालतले नै सबै कुराको निर्णय गर्ने धारणा राखेका छन् ।

यता अदालतले भने फिल्म रिलिज गर्न अनुमति दिइसकेको छ ।

*(स्रोत: अनलाईनखबर)*

दुई ट्रक एकआपसमा ठोक्किए

# एक चालक गम्भीर घाइते

समाज संवाददाता

हेटौंडा : हेटौंडा-ललितपुर कान्ति लोकपथमा दुई ट्रक एकआपसमा ठोक्किँदा एक जना चालक गम्भीर घाइते भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

बुधबार राति ११ बजेर ३५ मिनेटको समयमा मकवानपुरगढी गाउँपालिका-१, लेनडाँडामा दुर्घटना भएको हो । हेटौंडाबाट काठमाडौंतर्फ जाँदै गरेको म प्र ०३-००२ ख ४६४१ नम्बरको सिमेन्ट लोड ट्रक र काठमाडौंबाट हेटौंडातर्फ आउँदै गरेको म प्र ०३-००२ ख ४५०१ नम्बरको खाली ट्रक एकआपसमा ठोकिएको थियो ।

दुर्घटनामा ४६४१ नम्बरको ट्रकका चालक सिन्धुलीको दूधौली नगरपालिका-१४ का २४ वर्षीय टुल्कु सिंह तामाङ गम्भीर घाइते भएका छन् । घाइते तामाङलाई उपचारका लागि हेटौंडा अस्पताल पठाइएको प्रहरीले जनाएको छ। अर्को ट्रक (४५०१ नम्बर) का चालक बागमती गाउँपालिका-७ का ४३ वर्षीय बेल कुमार स्याङ्तानलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# जनजागृति माविमा ज्ञानबहादुर

समाज संवाददाता

हेटौंडा : बकैया गाउँपालिका-८ स्थित जनजागृति माध्यमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा ज्ञानबहादुर थोकर निर्वाचित हुनुभएको छ । बुधबार ४७औं अभिभावक भेलाबाट थोकर अध्यक्ष निर्वाचित हुनुभएको हो ।

विद्यालय व्यवस्थापन समितिको सदस्यमा सन्जयकुमार थोकर, जरिमाया वाईबा, रोदन घलान, भीममाया न्यासुर र लालकुमारी थिङ चयन हुनुभएको विद्यालयका प्रधानाध्यापक इशु लामाले जानकारी दिनुभयो । बुधबार ४ जना अभिभावक प्रतिनिधि चयन गरेको थियो । अभिभावक प्रतिनिधिको रुपमा ज्ञानबहादुर, सन्जयकुमार, भीममाया र लालकुमारी चयन हुनुभएको थियो । जरिमाया र रोहद २ जनालाई मनोनित गरेपछि बिहिबार व्यवस्थापन समितिको अध्यक्ष चयन गरिएको हो ।

# समानुपातिकको सिट संख्या निर्धारण

काठमाडौं: निर्वाचन आयोगले आधिकारिक रुपमा समानुपातिकतर्फ दलगत रुपमा सांसदहरूको संख्या टुंगो लगाएको छ । आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले विज्ञप्ति जारी गरी राष्ट्रिय दल बनेका ६ दलमा कुनले कति सांसद पाउँछन् भन्नेबारे जानकारी गराएका हुन् ।

आयोगका अनुसार राष्ट्रिय स्वतन्त्र पार्टीले ५७, नेपाली कांग्रेसले २०, नेकपा एमालेले १६, नेकपाले ९, श्रम संस्कृति पार्टी र राप्रपाले समान ४/४ सांसद पाउने भएका हुन् । आयोगले समानुपातिकतर्फका सांसदका लागि तीन दिनभित्र उम्मेदवारको नाम छनोट गरी पेस गर्न सम्बन्धित दलहरूलाई जानकारी गराइसकेको पनि जनाएको छ।

*(स्रोत: अनलाइनखबर)*

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# दीगो विकास लक्ष्यसम्बन्धमा हेटौंडामा छलफल

समाज संवाददाता

हेटौंडा : दीगो विकासका लक्ष्यसम्बन्धमा हेटौंडामा छलफल सुरु भएको छ । तीन दिनसम्म सञ्चालन हुने छलफलमा हेटौंडा उपमहानगरपालिका विभिन्न क्षेत्रका सरोकारवालाको सहभागिता रहेको छ ।

संयुक्त राष्ट्र संघीय शिक्षा, विज्ञान, साँस्कृतिक संगठन (युनेस्को) को आयोजना तथा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको सहजीकरणमा बिहिबार हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयको सभाहलमा हेटौंडा उपमहानगर क्षेत्रका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, सामुदायिक अध्ययन केन्द्रका प्रतिनिधि, विद्यालय तथा विश्वविद्यालय तहका विद्यार्थी, सेवा निवृत्त शिक्षकको सहभागी छन् ।

कार्यक्रममा दीगो विकास लक्ष्यको अवधारणा र सिद्धान्त, दीगो विकासको सन्दर्भमा मकवानपुर जिल्लाको अवस्था, दीगो विकास लक्ष्य कार्यान्वयनमा विभिन्न निकायको भूमिकाको विषयमा छलफल हुनेछ। यस्तै अन्तरपुस्ता ज्ञान, सीप हस्तान्तरणका व्यवहारिक पक्षहरु, पुराना पुस्ता र नयाँ पुस्ताबीच अनुभव आदानप्रदान हुनेछ। कार्यक्रममा युनेस्कोकी सचिवालयका सचिव डा. दिव्या दवाडी, अधिकृत दीपक भण्डारी र शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरकी निमित्त प्रमुख उन्नति ढकालले सहजीकरण गर्नु हुनेछ ।

श्री मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८२/११/२७ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

निवेदक : भास्कर राज शर्मा पौडेल समेत-३ जना (छोरा/बुहारी)
जग्गावाला : डोल कुमारी उपाध्याय पौडेल (आमा/सासू)

यसमा जिल्ला मकवानपुर साविक हेटौडा नगरपालिका वडा नं. ३ की हाम्री आमा/सासू डोल कुमारी उपाध्याय पौडेलको नाममा नाष नक्सा भएको कि.नं. ७२० को क्षेत्रफल ज.वि. ०१२-९ जग्गाको साविक बसामाडी मौजेको रैती नं.३६ को रैती निज फिल्डबुकवालाको पति हाम्रो बुवा/ससुरा ठाकुर नाथ पौडेल भन्ने डाकुर नाथ पौडेलको नाममा साविक भोग लगत कायम रही दर्ता गर्न छुट भएकोमा निज जग्गावाला हाम्री आमा/सासू डोल कुमारी उपाध्याय शर्माको मिति २०७८/०९/१६ मा मृत्यु भएको र निजको पति ठाकुरनाथ शर्माको पनि मिति २०४२/०५/२४ मा मृत्यु भइसकेकोमा निजहरुको हकखाने हकदारहरुमा दुई जना छोरीहरु भएकोमा विवाहदान भई पर घर गइसकेको र चार छोराहरुमा जेठो श्रीचन्द्र शर्मा पौडेल भएकोमा निजको पनि मिति २०७८/०१/२० मा मृत्यु भईसकेको र निजको हकमा हकखाने नजिकका हकदार दुई पत्निहरु जेठी कमला बदन पौडेल र कान्छी सीता पौडेल भएको, माहिलो छोरा भास्कर राज पौडेल, साइलो दिवाकर पौडेल र कान्छो शहिद प्रभाकर पौडेल भएकोमा मिति २०३६/०१/१६ मा नै अविवाहित अवस्थामा मृत्यु भएकोले उल्लेखित जग्गाको जग्गावालाको हकखाने नजिकका जिवित हकदारहरुमा बुहारीहरु कमला बदन पौडेल-१, सीता पौडेल-१, छोराहरु भास्कर राज पौडेल-१ र दिवाकर पौडेल-१ गरी चार जना भएको र निज हकदारहरुले नै उल्लेखित जग्गा जग्गावालाको मृत्यु पश्चात निरन्तर हकभोग गरी आएकोले बुहारी/भाउजू कमला बदन पौडेलको मंजुरीले निवेदकहरु बुहारी सीता पौडेल-१ र छोराहरु भास्कर राज पौडेल-१ र दिवाकर पौडेल-१ गरी ३ जनाको नाममा संयुक्त छुट जग्गा दर्ता तथा नामसारी गरी पाउँ भनि हेटौडा उपमहानगरपालिका २ नम्बर वडा कार्यालयको च.नं. ४३९ मिति २०८२/०७/११ को छुट जग्गा दर्ता सम्बन्धी हकदार खुलेको सिफारिस पत्र, नाता प्रमाणित प्रमाणपत्र, च.नं. १०८४ मिति २०८२/११/२७ को डाकुर नाथ पौडेल र ठाकुर नाथ पौडेल एकै व्यक्ति भएको सिफारिस पत्र, वडा नंबर ११ को च.नं. ४१५ मिति २०८२/०८/०४ को हकभोग खुलेको वडा सर्जमिन मुचुल्का पठाएको सिफारिस, वडा सर्जमिन मुचुल्का, मृत्यु दर्ता प्रमाणपत्रहरु, साविक भोग लगत, फिल्डबुक तथा प्लट रजिष्टर उतार तथा नक्सा समेत संलग्न राखी यस कार्यालयमा द.नं./मि.नं. १८६ मिति २०८२/०७/१४ मा माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित तपशिलका जग्गा निवेदकहरुको माग दावी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता तथा नामसारी गरिदिँदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकहरुको नाममा दर्ता, गर्न नमिल्ने भएमा वा निवेदकहरुको माग दावी सत्य नभई झुठा भए वा निवेदकहरु भन्दा बाहेक अन्य कोही हकदारहरु भए वा निवेदकहरु बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला। अन्यथा निवेदकहरुको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/ निवेदक | |
| १ | डोल कुमारी उपाध्याय पौडेल हे.न.पं. वडा नं.-३ पति- पं. ठाकुर नाथ ससुरा | हेटौंडा | ११ | ७२० | ०-१२-९ | सीता पौडेल-१, भास्कर राज पौडेल-१ र दिवाकर पौडेल-१ गरी ३ जना | जिल्ला मकवानपुर, बसामडी मौजेको-रै. नं. ३६ को रैती को ठाकुर नाथ पौडेल |

**कम्पनिको नाम परिवर्तन गरिएको बारे सूचना**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको श्री एम. एस. पी. सर्भिसेज प्रालि (दर्ता नं. ३६३८३५/०८१/०८२) को साविक नाम परिवर्तन भई अब उपरान्त श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज प्रालि कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भइसकेकाले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री एम. एस. पी. लजिस्टिक एण्ड सर्भिसेज प्रालि**

**हार्दिक श्रद्धाञ्जली**



स्व. शोभा जोशी

आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा स्थापनाकालदेखि नै अध्यापन गराउनु भई सेवानिवृत्त हुनुभएकी शिक्षक **शोभा जोशी**को यही मिति २०८२ साल फागुन १७ गतेका दिन निधन भएको खबरले हामी मर्माहत भएका छौं । **आज १३औं दिन**को पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं ।

**प्रधानाध्यापक एवम् आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय परिवार**
हेटौंडा-४, मकवानपुर

Hetauda School of Management
"कडा अनुशासन, स्तरीय शिक्षा"

**हार्दिक श्रद्धाञ्जली**



जन्म: २०६५/०६/०४
निधन: २०८२/११/१८

हेटौंडा स्कुल अफ म्यानेजमेन्टका कक्षा १२, व्यवस्थापन संकायमा अध्ययनरत विद्यार्थी **क्षितिज रायमाझी** को मिति २०८२/११/१८ गते भएको असामयिक निधनप्रति यस विद्यालय परिवार गहिरो दुःख व्यक्त गर्दछ।

यस दुःखद घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजन, आफन्त तथा साथीभाइहरू प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं।

**हेटौंडा स्कूल अफ म्यानेजमेन्ट परिवार**
हेटौंडा-४, मकवानपुर

## प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट

# मकवानपुरको पहिलो जित



*म्यान अफ द म्याचको ट्रफीसहित मकवानपुरका शुभ कंसाकार ।*

**समाज संवाददाता**

हेटौँडा : पुरुष एक दिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत बागमती प्रदेशस्तरीय छनोट प्रतियोगितामा मकवानपुरले पहिलो जित हासिल गरेको छ। बिहीबार माथिल्लो मूलपानी क्रिकेट मैदानमा भएको खेलमा मकवानपुरले नुवाकोटलाई फराकिलो रनअन्तरले हराउँदै प्रतियोगितामा पहिलो जित हात पारेको हो ।

मकवानपुरले नुवाकोटलाई २ सय ७९ रनले पराजित गरेको छ। सुरुमा टस जितेर व्याटिङ गरेको मकवानपुरले नुवाकोट सामु ३ सय ६७ रनको विशाल लक्ष्य प्रस्तुत गरेको थियो । मकवानपुरले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर ३ सय ६६ रन बनाएको हो । मकवानपुरका शुभ कंसाकारले सर्वाधिक १२२ रन बनाए । यो प्रतियोगितामा कुनैपनि खेलाडीको अहिलेको उच्च व्यक्तिगत स्कोर हो । कप्तान सुमन सुनारले ११० रन, सक्षम बस्ताकोटीले ४६ रन र युविन बुढाथोकीले ३१ रनको योगदान गरे । बलिङतर्फ मकवानपुरका रोहित ठाकुर, सकार गजुरेल र स्वरुप श्रेष्ठले समान ३/३ विकेट लिए भने विशाल फुयालले पनि १ विकेट लिए ।

३ सय ६७ रनको विशाल लक्ष्य पछ्याएको नुवाकोट ८७ रनमै अलआउट भयो । नुवाकोटले २६ दशमलव ३ ओभरमा सबै विकेट गुमाएर ८७ रन मात्रै बनाउन सक्यो। नुवाकोटका मन्जित थपलियाले सर्वाधिक २४ रन र योगेश बहादुर भट्ट क्षेत्रीले १५ रन बनाए । नुवाकोटका इसान पलि र विधान खतिवडाले समान २/२ विकेट लिएका थिए ।

मकवानपुरका सुभ कंसाकार म्यान अफ द म्याच घोषित भए । मकवानपुर यसअघि भक्तपुर र काठमाडौंसँग पराजित भएको थियो। नुवाकोट यो लगातार तेस्रो हार हो । नुवाकोट यसअघि चितवन र काठमाडौंसँग पराजित भएको थियो । मकवानपुर एक खेलमा जित निकाले पनि अंक तालिकाको पाचौँ स्थानमै यथावत रहेको छ। प्रतियोगितामा ७ वटा टोलीको सहभागिता रहेको छ ।

बिहीबार नै तल्लो मूलपानी त्रिकेट मैदानमा भएको अर्को खेलमा काठमाडौंले भक्तपुरलाई ८० रनले पराजित गरेको छ । टस हारेर व्याटिङ्को निम्तो पाएको काठमाडौंले भक्तपुर सामु २ सय ८१ रनको लक्ष्य प्रस्तुत गरेको थियो। काठमाडौंले निर्धारित ५० ओभरमा ९ विकेट गुमाएर २ सय ८० जोडेको थियो । काठमाडौंका उत्तम थापा मगरले ९५ रन बनाए । रविन जोशीले ५२ रन र क्याप्टेन इशान पाण्डेले २९ रनको योगदान गरे । काठमाडौंका सन्दिप पराजुलीले ३ विकेट, सोनु देवकोटा र क्याप्टेन पाण्डेले समान समान २/२ विकेट लिए ।

लक्ष्य पछ्याउन मैदान उत्रिएका भक्तपुर २ सय रनमा अलआउट भयो । भक्तपुर ४१ दशमलव ५ ओभर खेल्दा सबै विकेट गुमाएर २ सय रन मात्रै बनाउन सक्यो । भक्तपुरका लागि सागर घिमिरेले ४३ रन र सुवास खत्रीले ४१ रन बनाए। बलिङमा सक्रिय प्रताप कार्की र सुवास खत्रीले समान ३/३ विकेट लिएका थिए । यसअघि दुई खेल जितेको भक्तपुरको यो दोस्रो हार हो। काठमाडौंका उत्तम थापा मगर म्यान अफ म्याच बने ।

यस्तै, बिहीबार त्रिवि क्रिकेट मैदानमा भएको अर्को खेलमा चितवनले त्रिभुवन विश्वविद्यालय (त्रिवि) लाई २ सय ११ रनले पराजित गरेको छ। सुरुमा टस जितेर व्याटिङ गरेको चितवनले त्रिवि सामु २ सय ६८ रनको लक्ष्य प्रस्तुत गरेको थियो । चितवन ४३ ओभरमा २ सय ६७ रन बनाउँदा अलआउट भएको थियो । चितवनका पवनबहादुर थापाले ७९ रन बनाए। प्रशान्त महतले ४४ रन र क्रिजन गुरुङले ३५ रन बनाए थिए । बलिङ्मा प्रतिक श्रेष्ठले ४ विकेट, दिपेश श्रेष्ठ र क्रिजन गुरुङ्ले समान २/२ विकेट लिए ।

लक्ष्य पछ्याएको त्रिवि २६ दशमलव १ ओभरमा ५६ रनमै अलआउट भयो । त्रिविका नविन रावलले सर्वाधिक १३ रन बनाए भने अन्य खेलाडीले दोहोरो अंकमा पनि रन बनाउन सकेनन्। त्रिविका सुमित झा र संजिव मानन्धरले समान ३/३ विकेट लिएका थिए । चितवनका प्रतिक श्रेष्ठ म्यान अफ म्याच घोषित भए । प्रतियोगितामा ३ खेलबाट ६ अंकसहित काठमाडौं अंक तालिकाको दोस्रो स्थानमा रहेको छ भने समान खेलबाट ४ अंकसहित चितवन तेस्रो स्थानमा रहेको छ । ४ खेलमध्ये दुई खेल जितेका भक्तपुर ४ अंकसहित चौथौ स्थानमा र ३ खेलबाट २ अंकसहित मकवानपुर पाचौं स्थानमा रहेको छ । ७ वटा टोली समिलित यस प्रतियोगितामा लगातार तीन वटै खेलमा हार व्यहोरेका त्रिवि अंक तालिकाको पुच्छारमा रहेको छ ।

## मनहरीमा प्रहरीमाथि आक्रमण

# एक जनालाई प्रहरीको गोली लाग्यो

**समाज संवाददाता**

हेटौँडा : मकवानपुरको मनहरी गाउँपालिकामा प्रहरीमाथि नै आक्रमण भएको छ । बुधबार राती ८ बजेर ५० मिनेटको समयमा मनहरी-१, मकरीमा लागूऔषध सेवन गरी झै-झगडा भइरहेको भन्ने सूचनाका आधारमा प्रहरी चौकी पदमपोखरीबाट खटिएको प्रहरी सहायक निरीक्षक दिलबहादुर तामाङमाथि बियरको बोतल, खुकुरी र बञ्चरो प्रहार भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

आक्रमणबाट प्रहरी सहायक निरीक्षक तामाङको दुबै हातमा चोट लागेको छ। प्रहरीमाथि आक्रमण भएपछि प्रहरीले गोली चलाउँदा एकजना घाइते भएको प्रहरीले जानकारी दिएको छ । प्रहरी सहायक निरीक्षक तामाङको पेस्तोलबाट एक राउण्ड गोली प्रहार हुँदा हेटौँडा-१२, हात्तीगौंडाका १९ वर्षीय सनिस तितुङको पेटमा गोली लागेको छ ।

घाइते प्रहरी सहायक निरीक्षक तामाङ र सनिसको हेटौँडा-११ स्थित सिएमसी चुरेहिल हस्पिटलमा उपचार भइरहेको छ । प्रहरीले घटनामा संलग्न रहेको आरोपमा हेटौँडा-१२, रमनटारका २४ वर्षीय सन्जय जिम्बा र ३५ वर्षीय अजय थिङलाई नियन्त्रणमा लिएको छ ।

पक्राउ परेका २ जना र गोली लागि घाइते व्यक्ति बिगतमा विभिन्न अपराधमा लागुऔषध, ज्यान मार्ने उद्योग र चोरीमा संलग्न देखिएको प्रहरीले स्पष्ट पारेको छ ।

## चितवन र सिन्धुपाल्चोकमा २ जना मृत भेटिए

# नुवाकोटमा भाइको आक्रमणबाट घाइतेको मृत्यु

**समाज संवाददाता**

हेटौँडा : बागमती प्रदेशमा छुट्टाछुट्टै घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन र सिन्धुपाल्चोक जिल्लामा २ जना मृत फेला पर्दा नुवाकोटमा भने भाइको आक्रमणबाट घाइते भएका एक जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

चितवनको राप्ती नगरपालिका-१, दर्लामीटोलस्थित जेठार खोलामा एक जना मृत्त अवस्थामा फेला परेका छन् । मृत्त फेला पर्नेमा राप्ती-५, मङ्गलटारीका ६८ वर्षीय लालकहादुर छुमी रहेको प्रहरीले जानकारी दिएको छ । बुधबार बिहान साढे ८ बजेको समयमा खोलाको पानीमा घोप्टो परेको छुमी मृत्त अवस्थामा फेला परेका थिए ।


सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिका-९, प्यारीमा एक वृद्ध मृत्त अवस्थामा फेला परेका छन्। मृत्त फेला पर्नेमा सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका-६ का ६० वर्षीय सूर्य बहादुर खत्री रहेको प्रहरीले जानकारी दिएको छ । खत्री बुधबार बाह्रबिसे-९ स्थित खोल्सामा मृत फेला परेको थिए ।

नुवाकोटको किस्पाङ गाउँपालिका-३, गुन्सामा कुटपिटबाट घाइते भएका एक पुरुषको मृतयु भएको छ। घाइते ५२ वर्षीय कामी तामाङको बुधबार दिउँसो ५ बजेर ५० मिनेटको समयमा न्युरो अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरी जानकारी दिएको छ। फागुन १३ गते आफ्नै भाइ ५१ वर्षीय सेलबहादुर तामाङले लट्ठीले टाउकोमा प्रहार गर्दा उनी घाइते भएका थिए । प्रहरी आईतबार नै सेल बहादुरलाई किस्पाङ-२, चिलाउनेबाट नियन्त्रण लिई थप अनुसन्धान गरिरहेको छ।

**मोटरसाइकल हराएको सूचना**

हेटौंडा–४, पशुपति मन्दिर पछाडी कृष्ण सापकोटाको बा.प्र. ०३–००६ प २४९५ नम्बरको कालो र रातो रङ्गको २२० सिसीको F ABS पल्सर मोटरसाइकल (च्याचिस नम्बर MD2A13EX8SCM81667, इन्जिन नम्बर DKXCSM 13455) पौष १७ गतेका दिन बेलुका ७:३० बजेको समयमा घर अगाडी पार्किङ्ग गरेर राखेको अवस्थामा हराएको हुँदा देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी जानकारी गराइदिनु हुन यो सूचना प्रकाशित गरिन्छ ।

**सम्पर्क :९८४४२४९०५१**




**शिक्षक आवश्यकता**

*प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।११।२९*

प्रस्तुत विषयमा यस विद्यालयको वि.व्य.स.को मिति : २०८२/१०/२० गतेको बैठक निर्णय अनुसार र बकैया गाउँपालिकाको च.न. १९०२ मिति : २०८२।११।२७ गतेको सहमति पत्रानुसार यस विद्यालयमा रिक्त रहेको मावि तह अंग्रेजी संघीय अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाद्वारा शिक्षक पदपूर्ति गर्नुपर्ने भएको हुँदा, योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रितपूर्वक दरखास्त पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

(क) विज्ञापन न : ०१/२०८२/०८३
विषय : अंग्रेजी
तह : मा.वि. संघीय अनुदान करार
आवश्यक संख्या : १ (एक) जना ।
न्यूनतम शैक्षिक योग्यता : सम्बन्धित विषयमा वि.एड.पूरा गरेको वा सो सरह उत्तीर्ण गरेको ।
तलब : नियम अनुसार
परीक्षा : लिखित र अन्तरवार्ता
उमेर : १८ वर्ष पूरा भई ४० ननाघेको
दरखास्त दस्तुर : १५००/- (एक हजार पाँच सय मात्र )
दरखास्त दिने अन्तिम मिति : २०८२/१२/१३ कार्यालय समय भित्र ।
सम्पर्क मिति : अन्तिम मितिको भोलिपल्ट ।
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने
परीक्षा पाठ्यक्रम : शिक्षक सेवा आयोगले तोकेबमोजिम ।

**आवश्यक कागजातहरू**

१. हस्तलिखित निवेदन ।
२. नेपाली नागरिताको प्रतिलिपी १ प्रति ।
३. सम्बन्धित तह र विषयको अध्यापन अनुमतिपत्रको प्रतिलिपी १ प्रति ।
४. शैक्षिक योग्यता सम्बन्धी प्रमाणपत्रको १/१ प्रति ।

**नोट** :- शिक्षक सेवा आयोगबाट लिएको परीक्षाको करार लिस्टमा भएको उम्मेदवारलाई विज्ञापन भएको मितिले ७ (सात) दिन भित्र निवेदन पर्न आएमा योग्यताक्रमको आधारमा वि.व्य.स को निर्णय बमोजिम छनोट गरी नियुक्ति दिनेछ ।

**सम्पर्क नं. अध्यक्ष ९८४५६३७१५२/प्र.अ. ९८५५०८७०७०**

**श्री कालिका माध्यमिक विद्यालय**

**बकैया-२, तीनभङ्गाले दोभान, मकवानपुर**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
**-थाईराईड**
**-क्यान्सर**
**-रक्तअल्पता**
**-वाथरोग**
**-बाँझोपन**
**-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।**

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

**खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म**

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७




समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ